**मिति २०७४।०४।२५ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको प्रथम नगरसभाको प्रथम बैठकका निर्णयहरु :**

**<u>निर्णय नं. १</u>**
मिति २०७४ साल आषाढ १४ गते सम्पन्न स्थानीय तह निर्बाचनमा आफ्नो अमुल्य मतदान गरी निर्बाचित गराउनु हुने सम्पूर्ण नगरबासी मतदाताहरुमा हार्दिक आभार सहित धन्यबाद दिदै उक्त कार्यमा महत्वपूर्ण भूमिका निर्बाह गर्ने नेपाल सरकार, निर्बाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मी, निर्बाचन पर्यवक्षक र सम्बन्धीत सबैलाई तुलसीपुर उपमहानगरपालिकाका प्रमुख/सभाका अध्यक्ष श्री घनश्याम पाण्डे ज्युबाट प्रस्तुत धन्यवाद प्रस्ताव सर्बसहमतिबाट पारित गरियो ।

**<u>निर्णय नं. २</u>**
तुलसीपुर उपमहानगरपालिकाका प्रमुख/सभाका अध्यक्ष श्री घनश्याम पाण्डेज्युबाट प्रस्तुत आर्थिक बर्ष २०७४/०७५ को नीति तथा कार्य सर्बसहमतिबाट पारित गरियो ।

**<u>निर्णय नं. ३</u>**
तुलसीपुर उपमहानगरपालिकाका उप–प्रमुख तथा सभाका उपाध्यक्ष श्री माया शर्माद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७४ सर्बसहमतिबाट पारित गरियो ।

**<u>निर्णय नं. ४</u>**
आजको नगरसभाबाट तपसिल बमोजिमको बिधेयक समिति र लेखा समिति गठन गर्ने निर्णय गरियो ।
(क) बिधेयक समिति
१. श्री देवराज बिश्वकर्मा (संयोजक)
२. श्री सुरेश श्रेष्ठ (सदस्य)
३. श्री चित्रा मल्ल (सदस्य)

(ख) लेखा समिति
१) श्री राजु आचार्य (संयोजक)
२) श्री बेद बहादुर के.सी (सदस्य)
३) श्री दुजमान भण्डारी (सदस्य)

**मिति २०७४।०५।१२ गते सोमबार बसेको तुलसीपुर उपमहानगरपालिकाको प्रथम नगरसभाको दोश्रो बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको आर्थिक बर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम सर्बसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको बिनियोजन ऐन, २०७४ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको दोश्रो नगरसभाबाट तत्कालिन तुलसीपुर नगरपालिकाको मिति २०७३।०९।२५ गते बसेको २१ औ नगर परिषदको कर्मचारी दरबन्दी सम्बन्धी निर्णय नं. ५ र सेवा करार सम्बन्धी निर्णय नं. २२ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको दोश्रो नगर सभा सभ्य र शिष्ट रुपमा सम्पन्न गर्न सहयोग गर्ने नगरकार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु र कर्मचारीलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।